लुम्बिनी प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राप्ती उपत्यका, (देउखुरी) नेपाल।

## तह वृद्धिका लागि आवेदन फाराम पेश गर्ने सम्बन्धी सूचना ।

सूचना प्रकाशित मिति २०८१/०९/१६

लुम्बिनी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा २८ बमोजिम तह वृद्धि हुने तह भन्दा एक तह मुनिको तहमा पाँच वर्षको सेवा अवधि पूरा भएका, पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औषत पन्चानब्बे प्रतिशत अङ्क प्रास गरेका, ऐनको दफा २८ को उपदफा (१) बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल गरेका तथा दफा १०१ बमोजिम नकारात्मक सूचीमा नपरेकाउपयुक्त उम्मेदवारहरुले तह वृद्धि हुन चाहेमा तह वृद्धि हुनका लागि अधिकृस्तर दशौं तहको हकमा यस कार्यालयमा र अधिकृतस्तर आठौं र छैटौं तहको हकमा सम्बन्धित सेवा समूह सञ्चालन गर्ने मन्त्रालयमा र ऐनको दफा २८ को उपदफा (६) बमोजिम चौथो तहबाट पाँचौं तहमा तहवृद्धि हुने उम्मेदवारको हकमा सम्बन्धित सेवा समूह सञ्चालन गर्ने मन्त्रालयमा प्रदेश निजामती सेवा नियमावली, २०८० को नियम ४९ अनुसार सोही नियमावलीको अनुसूची-१९ बमोजिमको ढाँचामा सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र तपसिलका कागजात सहित आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपसिल</u>

१. सक्कल निवेदन,
२. हालको पदको नियुक्ति पत्रको प्रमाणित प्रतिलिपी,
३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,
४. कर्मचारी समायोजन भएको प्रमाणपत्रको प्रतिलिपी,
५. अद्यावधिक वैयक्तिक विवरणको प्रतिलिपी,
६. पछिल्ला पाँच बर्षको कार्य सम्पादन मूल्याङ्कन फारामपेश गरेको निकायको विवरण,
७. सम्बन्धित कार्यालयको सेवा निरन्तरता सम्बन्धी सिफारिस पत्र,
८. हालसम्म विभागीय कारवाहीमा नपरेको तथा प्रचलित कानून बमोजिम तह वृद्धिका लागि अयोग्य नरहेको स्वघोषणा,
९. तोकिए बमोजिमको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी ।

२०८१।९।१६

वरिष्ठ शाखा अधिकृत